# श्री इलाका प्रहरी कार्यालय, बाह्रविसे, सिन्धुपाल्चोकमा चढाएको

## जाहेरी–दरखास्त

१. **दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर, ठेगाना :–** सिन्धुपाल्चोक जिल्ला बाह्रविसे न.पा. वडा नं. ४ निवासी धन बहादुर खड्काको नाति ललित बहादुर खड्काको छोरा वर्ष ४४ को ठाकुर ध्वज खड्का......१

२. **कुन कानून वा मुद्धावारे दरखास्त वा सूचना गरेको हो :-** अभद्र व्यवाहार सम्बन्धी कसुर ।

३. **कसुर गर्ने व्यक्तिको नाम, थर र ठेगाना :** बाह्रविसे न.पा. वडा नं. ६, निवासी अं. वर्ष ५९ को निमफुन्जो शेर्पा (बाह्रविसे नगरपालिकाको नि.वर्तमान नगर प्रमुख)........१

४. **कसुर गर्ने व्यक्तिको बाबु/आमाको नाम :** वुवाको नाम जुजुमान शेर्पा आमाको नाम, थर थाहा नभएको ।

५. **कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण :** गहुँगोरो अग्लो, जिन्स पाईन्ट, ओभर कोट लगाएको, छोटो कपाल ।

६. **कसुर सम्बन्धी विवरण :-**

क) **कसुर भएको वा भईरहेको स्थान, ठाउँ, मिति र समय :–** सिन्धुपाल्चोक जिल्ला बाह्रविसे न.पा. वडा नं. ९, जुरे सार्वजानिक रागमार्गमा, मिति २०८१/११/०४ गते अं. ८:१० बजेको समयमा ।

ख) **कसूरसँग सम्बन्धित घटनाको विवरण :** म जाहेरवाला ठाकुरध्वज खड्का बाह्रविसे नगरपालिका वडा नं. ९, जुरे स्थित क्रशरमा साईड इन्चार्जको रूपमा कार्यरत छु । २०८१/११/०३ गते अं. १३:१५ बजेको समयमा गाडीमा आई जुरे स्थित क्रसरमा निमफुन्जो

शेर्पा र निजसँगै आएका विक्रम श्रेष्ठ र रोशन खत्री समेत विना अनुमति प्रवेश गरी क्रशर उद्योगको लेखा शाखामा रहेको कम्पनीको भ्याट बिल (विजक नं. ३५५१-३६००) खोसेर लगि क्रसरको कार्यालयमा ताला लगएको र सँगै आएका रोशन खत्रीले जेसिवि अपरेटर साङदोर्जे तामाङलाई अपशब्द बोली क्रसरको बाटो छेक्न लगाई जेसिवि र टिप्पर समेतको चावी खोसी लगेका थिए । मिति २०८१/११/०४ गते प्र.क.नं. ६ (क) मा उल्लेखित समयमा म जुरे क्रशर नजिक विदुर पराजुलीको घर भित्र चिया खाई बसिरहेको थिएँ । विपक्षी निमफुन्जो शेर्पाले मलाई फोन गरी बाहिर बोलाई जुरे क्रसर अगाडिको मानिस आगमन भईरहको स्थानमा अरनिको राजमार्गको सार्वजानिक स्थलमा विना कारण अपशब्द बोली मलाई एक्काशी हातको मुक्काले मेरो टाउकोमा १५/२० मुक्का प्रहार गरी ज्यान लिने नियतले ढुङ्गा उचाली हान्न खोज्दा म भागी ज्यान बचाउन सफल भएँ । प्रत्यक्षदर्शी विदुर पराजुलीले घरको दोस्रो तलाबाट देखि नकुट भनि छुट्याउन खोज्दा तँलाई पनि मार्छु भनि विदुर पुराजुलीको घरको दोस्रो तलामा ठूलो ढुङ्गा लिई गई निजलाई समेत हान्न खोज्दा निजले छल्दा निज विदुर पराजुलीको घरको सिँढीमा लागेको र अहिले विवाहमा जानु छ, दिउँसो केटाहरू सहित आएर तँलाई र विदुर पराजुली सहितलाई काट्छु, मार्छु भनि गएको हुँदा निज विपक्षीबाट म अत्यन्तै पीडित छु । प्रत्यक्षदर्शी सहितलाई सोधबुझ गरी घटनाको यथार्थ छानविन र अनुसन्धान गरी दोषी उल्लेखित व्यक्तिहरूलाई कडा भन्दा कडा कानूनी कार्वाहि गरी पाउँ । हामीहरूको जिउज्यानको सुरक्षा गरी शान्ति सुरक्षा कायम गरी पाउँ ।

ग) **कसुरको प्रकृति :** यो कसुर अभद्र व्यवहार प्रकृतिको रहेको छ ।

घ) **घटनासँग सम्बन्धित सवुत :**

क) घटनास्थल मुचुल्का गरी पाउँ । गाउँ सर्जमिन गरी पाउँ ।

ङ) **अपराधसँग सम्बन्धित अन्य विवरण :** ×

७) **यो दरखास्तको** व्यहोरा ठीक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला । प्रहरीद्वारा तहकिकात हुँदा वा अदालतमा मुद्धा चल्दाको बखत उपस्थित हुनुपर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

**जाहेरी दरखास्तवाला**

नामः ठाकुर ध्वज खड्का

मो.नं.: ९८४१८९८२०२

मिति : २०८१/११/०४